

यस आधारभूत अध्ययनको प्रतिवेदन युएनएफपीए नेपालको वेबसाइट nepal.unfpa.org मा सन् २०२३ मा उपलब्ध हुनेछ ।

UNFPA Nepal, UN House, Pulchowk, Lalitpur, PO Box 107, Kathmandu, Nepal
nepal.office@unfpa.org | @UNFPANepal

Norwegian Embassy

Schweizerische Eidgenossenschaft
Confédération suisse
Confederazione Svizzera
Confederaziun svizra

Swiss Agency for Development and Cooperation SDC
स्वीस सरकार विकास सहयोग एसडीसी

EMORY
ROLLINS SCHOOL OF PUBLIC HEALTH

# लैङ्गिकतामा आधारित हिंसा रोकथाम तथा प्रतिकार्य परियोजना दोस्रो चरण: आधारभूत अध्ययनबारे संक्षिप्त विवरण

डिसेम्बर २०२२

## पृष्ठभूमि

नेपालमा लैङ्गिकतामा–आधारित हिंसा (लैङ्गिक हिंसा) सर्वव्याप्त छ । जुनसुकै जात, जाति, सामाजिक–आर्थिक अवस्थाका महिला र बालिकाले आफ्नो जीवनभरी नै विविध प्रकारका हिंसाको निरन्तर सामना गरिरहेका हुन्छन् ।

लैङ्गिक हिंसाको समस्यालाई सम्बोधन गर्न, स्वीस सरकार विकास सहयोग (एसडीसी) र नेपालस्थित नर्वेली दूतावाससँगको साझेदारीमा युनएफपीएले लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्य परियोजना दोस्रो चरण (सन् २०२०–२०२४) कार्यान्वयन गरिरहेको छ । यस परियोजनाले कोशी र सुदूरपश्चिम प्रदेशका १९ नगर पालिकामा लैङ्गिक असमानता र लैङ्गिक हिंसालाई प्रश्रय दिने हानिकारक सामाजिक एवं लैङ्गिक मूल्यमान्यता परिवर्तन गर्ने, लैङ्गिक हिंसा प्रभावितका लागि गुणस्तरीय, बहु–क्षेत्रीय सेवाहरूमा पहुँच बढाउने, लैङ्गिक–उत्तरदायी नीति र बजेटको सबलीकरणमा केन्द्रित कार्यक्रमहरु सहित सबै प्रकारका लैङ्गिक हिंसा र महिला विरुद्ध हुने भेदभाव न्यूनीकरणका प्रयास गर्दै आएको छ ।

परियोजना कार्यान्वयनको क्रममा त्यसमा भएका प्रगति मापन गर्नका लागि मापदण्ड प्रदान गर्नु र कार्यक्रमका लागि प्रमाणमा आधारित सिफारिसहरू प्रदान गर्नु यस आधारभूत अध्ययनको उद्देश्य हो ।

## विधि

यस आधारभूत अध्ययनले परियोजनाको कार्यगत ढाँचा (logical framework) का मुख्य सूचकहरू सम्बन्धी तथ्याङ्क सङ्कलन गर्न मिश्रित–विधिको प्रयोग गरेको छ । विभिन्न विधिमार्फत् सङ्ख्यात्मक र गुणात्मक तथ्याङ्क सङ्कलन गर्नुका साथै अतिरिक्त जानकारी प्राप्त गर्नका लागि प्रकाशित सामग्रीहरूको समीक्षा गरिएको थियो ।

### तथ्याङ्कका मुख्य श्रोतहरु

**सर्वेक्षण (कुलः ३,२९३)**
- दम्पति कार्यक्रममा सहभागी भएका १,०७० विवाहित पुरुष र महिला
- परियोजना कार्यरत समुदायका जीवनोपयोगी सीप कार्यक्रममा सहभागी भएका १,२०७ पुरुष र महिला
- जीवनोपयोगी सीप कार्यक्रममा सहभागी भएका विद्यालयका ५९३ किशोर तथा किशोरीहरू
- यस परियोजनाले सहयोग उपलब्ध गराएका एकद्वार संकट व्यवस्थापन केन्द्र (ओसीएमसी) र आश्रयस्थलबाट सेवा प्राप्त गरेका २१६ जना लैङ्गिक हिंसा प्रभावितहरू
- परियोजना कार्यरत क्षेत्रका तालिम प्राप्त २०७ जना बहु–क्षेत्रीय लैङ्गिक हिंसासम्बन्धी सेवा प्रदायकहरू

**अन्तर्वार्ता (कुलः ११४)**
- दम्पति कार्यक्रममा सहभागी भएका १६ विवाहित पुरुष र महिला
- यस परियोजनाले सहयोग उपलब्ध गराएका एकद्वार संकट व्यवस्थापन केन्द्र (ओसीएमसी) र आश्रयस्थलबाट सेवा प्राप्त गरेका १५ जना लैङ्गिक हिंसा प्रभावितहरू
- परियोजना कार्यरत क्षेत्रका तालिम प्राप्त ६४ जना बहु–क्षेत्रीय लैङ्गिक हिंसासम्बन्धी सेवा प्रदायकहरू
- बजेट प्रक्रियामा संलग्न स्थानीय सरकारका १९ जना अधिकारीहरू

**केन्द्रित समूह छलफल (कुलः ११५)**
- जीवनोपयोगी सीप कार्यक्रममा सहभागी भएका विद्यालयका ११५ जना किशोर तथा किशोरीहरू

**प्रकाशनहरुको समीक्षा (कुलः ९४)**
- १ सङ्घीय सरकारको बजेट
- २ प्रदेश सरकारका बजेट
- १९ वटा स्थानीय सरकारका बजेट
- ७२ वटा अध्ययन अनुसन्धान तथा अन्य दस्तावेजहरू

## मुख्य बुँदाहरू


1 **विगत १२ महिनामा पाँचमध्ये एकजना विवाहित महिला (२१.७%) ले अन्तरंग व्यक्तिबाट हुने हिंसा वा उनको परिवारका सदस्यबाट हुने दुर्व्यवहार दुवैको अनुभव गरेका थिए । अर्कातिर, महिलाहरूले प्राप्त गर्ने साथ सहयोगको स्तर पनि न्यून थियो र केवल ३३.३% विवाहित महिलाहरूले मात्र आफ्नै स्वास्थ्य-स्याहारबारे निर्णय गरेका थिए। महिलाहरूको सीमित शारीरिक अखण्डता र स्वायत्तता पुरुष र बालकहरू माझ व्याप्त लैङ्गिक–असमान मनोवृत्ति र मापदण्डहरूसँग जटिल रूपमा जोडिएका छन् ।**




अध्ययनमा सहभागी सबैमध्ये, ५३.३% ले कुनैपनि महिला/बालिकाले घरबाहिर जानुअघि परिवारको पुरुष सदस्यको अनुमति लिनुपर्छ भन्नेमा सहमति जनाएका थिए र ४३.४% ले कुनैपनि महिलाको सबैभन्दा महत्वपूर्ण भूमिका आफ्नो घर तथा बच्चाहरूको हेरचाह गर्नु र आफ्नो परिवारको लागि खाना पकाउनु हो भन्नेमा सहमति जनाएका थिए । यसबाहेक, सहभागीहरूको एक तिहाइ (३३.४%) ले अन्तरंग व्यक्तिबाट हुने शारीरिक हिंसा वा सासूले बुहारीमाथि गर्ने मनोवैज्ञानिक दुर्व्यवहारका लागि कम्तिमा एउटा औचित्य दिएका थिए भने, लैङ्गिक हिंसा प्रभावितहरूले सहायता खोज्ने कुराप्रतिको स्वीकार्यता भने औसतमा मध्यम रहेको थियो ।

2 **समुदायका सदस्य र लैङ्गिक हिंसासम्बन्धी सेवा प्रदायकहरू दुवैमा, लैङ्गिक हिंसा प्रतिकार्यसम्बन्धी सेवाहरू, विशेषगरी सामुदायिक मनोसामाजिक कार्यकर्ता, एकद्वार संकट व्यवस्थापन केन्द्र र आश्रयस्थल जस्ता अत्यावश्यक सेवाहरूको उपलब्धताबारे सचेतना कम छ ।** अध्ययन नमूनाको १२% ले मात्र सामुदायिक मनोसामाजिक कार्यकर्ता, एकद्वार संकट व्यवस्थापन केन्द्र र आश्रयस्थललाई लैङ्गिक हिंसा प्रभावितका लागि सहयोगको श्रोतका रुपमा मान्यता दिएका थिए ।


**लैङ्गिक हिंसा प्रभावितका लागि सहयोगको उपलब्धताबारे सचेतना (कुल ३,०७७)**




हिंसा भोगेर पनि सहयोग खोज्ने महिला र बालिकाहरूको मात्रा किन कम छ भन्ने कुरालाई उपर्युक्त सचेतनाको कमीले पनि आंशिक रूपमा व्याख्या गर्न सक्छ । विगत १२ महिनामा आफूले अनुभव गरेको हिंसाबारे केवल १०.४% ले मात्र सहयोग खोजेका वा कसैलाई बताएका थिए, जबकि २२.६% प्रभाबितले हिंसाबारे कुनै समयमा कसैलाई बताएको भनेका थिए । लैङ्गिक हिंसा प्रतिकार्यसम्बन्धी सेवाहरूमा ४.३% मात्र उजुरी रहेकोले पनि यो उल्लेख्य रुपमा कम छ भन्ने जनाउँछ । यसबाहेक, परिवारका सदस्य र साथी जस्ता सहयोगका अनौपचारिक स्रोतलाई हिंसाबारे सामान्यतया बढी बताइने भएपनि, उपलब्ध सेवाबारे उनीहरूमा सचेतनाको कमी र लैङ्गिक हिंसाका प्रकारहरूबारे अपूर्ण ज्ञानका कारण लैङ्गिक हिंसा प्रभावितका लागि औपचारिक सहयोगमा पहुँच सहजीकरण गर्ने उनीहरूको क्षमता सीमित हुने गर्छ ।

3 **अन्तरंग व्यक्तिबाट हुने हिंसालाई स्वीकार्ने प्रवृत्ति, भेदभावपूर्ण सामाजिक तथा लैङ्गिक मापदण्डहरू लैङ्गिक हिंसाको मूल कारण हुन् भन्ने ज्ञान, एकद्वार संकट व्यवस्थापन केन्द्र र आश्रयस्थलहरू लैङ्गिक हिंसा प्रतिकार्यसम्बन्धी उपलब्ध सेवाका रुपमा सचेतना, र घरायसी कामकाजको बाँडफाँट लगायत अनुसन्धानका धेरै क्षेत्रहरूको बुझाइमा उल्लेख्य लैङ्गिक भिन्नताहरू छन् ।** यी भिन्नताहरूले रोकथामसम्बन्धी हस्तक्षेपका लक्षित समूहका रूपमा पुरुष र बालकहरूमा केन्द्रित हुनुपर्ने कुरालाई महत्वका साथ जोड दिन्छन् । यद्यपि पुरुष र महिलाले घरायसी काम मिलेर गर्नुपर्छ भन्ने कुरामा अध्ययनका सहभागी ९७.५% पुरुष र बालकहरू सहमत भएपनि, बिना पारिश्रमिकको स्याहार तथा घरायसी काममा महिला र बालिकाहरूको तुलनामा उनीहरूले आधीभन्दा कम समय खर्चिने गरेका छन् । विशेषगरी किशोरकिशोरी माझ घरेलु हिंसाप्रतिको दृष्टिकोणमा लैङ्गिक भिन्नता उच्च देखियो । किशोरकिशोरीको नमूनामध्ये ५३.०% किशोरहरूले कुनैपनि श्रीमान वा सासुले महिलालाई दुर्व्यवहार गर्न कम्तीमा एक निर्दिष्ट कारणले गर्दा जायज भएको भन्नेमा सहमत भए भने, केवल २६.९% किशोरीहरू मात्र यसमा सहमत भए । पुरुष र बालकहरूमा व्याप्त हानिकारक मनोवृत्तिले लैङ्गिक हिंसाको निरन्तरतामा मात्र नभई, सहयोग खोज्ने प्रवृत्तिलाई पनि सीमित पार्नमा योगदान गर्छन् भन्ने कुरा स्पष्ट छ ।

**बिना पारिश्रमिकको स्याहारजन्य काम र घरायसी कामकाजमा दैनिक (२४ घण्टामा) खर्च हुने समयको प्रतिशत**




4 **लैङ्गिक हिंसाको व्यापकता, सहयोग खोज्ने कुराको स्वीकार्यता र लैङ्गिक हिंसाबारेको ज्ञान लगायतका प्रमुख विषयहरुमा जिल्लाहरू बीच उल्लेख्य असमानताहरू छन्, तर जिल्लाभित्रकै सूचकहरूमा भएका फरकहरुका कारण ठोस प्रवृत्तिहरू पहिचान गर्न कठिन भएको थियो ।** परियोजनाका लक्षित जिल्लाहरूमा अध्ययनका सहभागीहरूको सामाजिक-जनसांख्यिकीय विशेषताहरूका कारण पनि भिन्नताहरू बढी देखिएका हुन सक्छन्, जसकारण थप विश्लेषण आवश्यक हुन्छ । लैङ्गिक हिंसाको उस्तै किसिमका जोखिम एकत्रित रुपमा अवस्थित छ कि छैन भनेर मूल्याङ्कन गर्न प्रमाणको अपर्याप्तता छ ।

5 **दम्पती कार्यक्रममा सहभागी भएका विवाहित महिलाहरूले आफ्ना समुदायका अन्य विवाहित महिलाहरू (१९.४%) भन्दा अन्तरंग व्यक्तिबाट हुने हिंसा आफूहरूमा कम भएको (१६.९%) बताए, जसको अर्थ सबैभन्दा संकटासन्न दम्पतीसम्म रोकथामका प्रयासहरू नपुगेको हुनसक्छ ।** रोकथामका कार्यक्रममा भाग लिने दम्पती छनौट गर्ने मापदण्ड पर्याप्त वा कडा रूपमा लागू नभएको हुन सक्छ । हिंसाको जोखिम नै कम भएको अवस्थामा सुधार गर्न सकिने कुरा नै कम हुने हुनाले, समय अन्तरालसँगै त्यहाँ आएको परिवर्तन निर्धारण गर्न पनि कठिन हुन्छ । यो निष्कर्ष रोकथामका कार्यक्रममा सहभागी दम्पतीहरूको पहिलो समूहसँग मात्र सम्बन्धित हुन सक्छ ।



6 **प्रभावित-केन्द्रित हेरचाहमा उल्लेख्य कमीकजोरी रहेका छन् । लैङ्गिक हिंसासम्बन्धी सेवा प्रदायकहरूको तालिममा र कार्यस्थलको पूर्वतयारीमा उल्लेखनीय कमीका कारण गुणस्तरीय सेवाको उपलब्धता र लैङ्गिक हिंसा प्रभावितका लागि उचित प्रेषणमा बाधा परेको छ ।** विभिन्न सेवा प्रदायक र क्षेत्रहरूमाझ भिन्नता भएपनि, पुनर्मिलापलाई प्रोत्साहित गर्ने प्रवृत्तिका कारण हिंसा प्रभावितले नचाहेका सूचना पनि बाहिर ल्याउन जोड दिने र स्याहारसम्बन्धी निर्णयमा प्रभावितलाई संलग्न नगराउने कुरा लगातार देखियो । कार्यस्थलको पूर्वतयारीका सन्दर्भमा भने, प्रभावितसँगको अन्तरक्रियामा गोप्यता र गोपनीयता सुनिश्चित गर्न पर्याप्त स्थान नहुनु र अपर्याप्त भाषिक क्षमता उल्लेखनीय चुनौतीका रुपमा देखिएका थिए ।

7 **लैङ्गिक हिंसासम्बन्धी प्रतिकार्यका बहु-क्षेत्रीय सेवाहरू बीचको समन्वय कमजोर छ, जसकारण प्रभावितका आवश्यकतालाई पूर्ण रूपमा सम्बोधन गर्ने क्षमतामा बाधा पुग्छ ।** सहयोगका औपचारिक तथा अनौपचारिक श्रोतहरुले प्रभावितलाई एकद्वार संकट व्यवस्थापन केन्द्र र आश्रयस्थलहरूसँग जोड्न महत्वपूर्ण भूमिका खेल्ने भएपनि, ती सेवाकेन्द्रबाट भने कानूनी सहायता, नागरिक तथा अन्य व्यक्तिगत दर्ता र आर्थिक सशक्तिकरणका अवसरसम्म प्रेषणको अभाव देखियो, जुन कुरालाई लैङ्गिक हिंसासम्बन्धी सबै प्रभावित र सेवा प्रदायकहरूले प्रभावितहरूको पूरा नभएको आवश्यकताका रुपमा पहिचान गरेका थिए ।

8 **एकद्वार संकट व्यवस्थापन केन्द्र र आश्रयस्थलहरूमा मद्दत खोज्न जाने लैङ्गिक हिंसा प्रभावितहरूले त्यहाँका सेवाको उपयोग गरिसकेपछि प्रायः सकारात्मक प्रतिक्रिया दिने गरेका छन् ।** यद्यपि, फाइदाहरू भने अस्थायी देखिन्छन् । विगत ५ महिनामा एकद्वार संकट व्यवस्थापन केन्द्र र आश्रयस्थलबाट सहयोग लिने ५०.७% प्रभावितले हिंसा रोकिएको बताएका छन् । एकद्वार संकट व्यवस्थापन केन्द्र र आश्रयस्थलहरूका सेवा पहुँच गर्ने अधिकांश प्रभावितले पनि आफ्नो अवस्था पहिलेको भन्दा राम्रो भएको, आफूमा बढी आत्मसम्मान र आत्मविश्वास आएको, र आफ्नो सुरक्षा कसरी गर्ने भन्ने राम्रोसँग थाहा भएको बताए । यद्यपि, प्रभावितहरुले सुरक्षा सम्बन्धि सशक्तिकरण स्केलको मुल्यांकनमा मध्यम अंक प्राप्त गरे । आफ्नो सुरक्षा लक्ष प्राप्त गर्ने क्षमतामा (४ मा २.१), सुरक्षातर्फ अघि बढ्न आवश्यक सहयोगमा (४ मा २.०), र सुरक्षित रहनका लागि गर्नुपर्ने सम्झौतामा (४ मा १.८) अंक प्राप्त गरेका थिए। उनीहरूले र विशेषगरी अध्ययनको क्रममा आश्रयमा बसेकाहरूले, भविष्यमा हुने हिंसाको बारेमा पनि चिन्ता व्यक्त गरेका थिए ।

9 **लैङ्गिक समानता र महिला सशक्तिकरणलाई प्रवर्धन गर्ने कार्यक्रम तथा नीतिका लागि स्थानीय सरकारहरूको बजेट विनियोजन लैङ्गिक हिंसाको व्याप्तताका तुलनामा न्यून छ ।** परियोजनाको लक्षित पालिकाहरूले आर्थिक वर्ष २०७८-२०७९ को कुल बजेटमा ०.०९% देखि १.१३% सम्म बजेट लैंगिक समानता र महिला सशक्तिकरणका लागि छुट्टाएका छन्। बजेट सुनिश्चित र विनियोजन गरिएपनि, सीमित जनशक्ति, कोष खर्च गर्ने प्रक्रियाबारे सचेतनाको अभाव र विकासका अन्य मुद्दालाई प्राथमिकतामा राख्न त्यस कोषको पुनर्निर्देशन जस्ता कारणले स्थानीय सरकारहरूले प्रायः लैङ्गिक समानता र महिला सशक्तिकरणका लागि विनियोजित कोष पूर्ण रूपमा उपयोग गर्न सकेका छैनन् ।

10 **परियोजनाको प्रगतिबारे विश्वसनीय र उपयोगी प्रमाणहरूको उपलब्धता सुनिश्चित गर्न परियोजनाको ढाँचामा रहेका प्रतिफलका केही सूचकहरूलाई पुनर्विचार वा परिष्कृत गर्नुपर्ने हुनसक्छ ।** मानकीकरणको अभावका कारण लैङ्गिक समानता र महिला सशक्तिकरणलाई प्रवर्धन गर्ने कार्यक्रम एवं नीतिका लागि सरकारी बजेटको कति प्रतिशत छुट्याइएको छ भन्ने कुरा सही र सटीक रूपमा पहिचान गर्नु चुनौतीपूर्ण रहेको छ । एकद्वार संकट व्यवस्थापन केन्द्र र आश्रयस्थलका सेवाबाट प्रभावितहरू कत्तिको सन्तुष्ट छन् भन्ने मूल्याङ्कन आधारभूत अध्ययनमा नै निकै उच्च (९९%) देखिएको हुँदा, त्यसले समय-समयको प्रगति मापनका लागि अर्थपूर्ण मापदण्ड नदिने हुनाले, त्यसको अनुगमन गर्न पनि कठिन हुन्छ ।



## सिफारिसहरू

१. सीमान्तकृत जात वा जातीयता, र विशेषगरी अन्तरंग व्यक्तिबाट हुने हिंसा वा लैङ्गिक हिंसाका अन्य स्वरूपको अनुभवबाट गुज्रिएका व्यक्तिहरूमा जोड दिँदै, **सबैभन्दा संकटासन्न दम्पतीहरूलाई रोकथामका हस्तक्षेपहरूमा सहभागी गराइएको सुनिश्चित गर्नुपर्छ ।** छनोटका लागि प्रयोग गरिएका हालको मापदण्ड पर्याप्त भए नभएको, र तिनलाई लगातार लागू गरिएको छ वा छैन भन्ने निर्धारण गर्नुपर्छ ।

२. लैङ्गिक हिंसाका मूल कारणहरू र त्यसका हानिकारक परिणामहरू, साथै औपचारिक सहयोगी सेवाहरू, लैङ्गिक हिंसाको स्वीकार्यता र सहयोग खोज्ने कुराबारे मनोवृत्ति, र प्रभावशाली भएर निर्णय लिने जस्ता व्यवहार, र बिना पारिश्रमिकको स्याहारजन्य काम एवं घरायसी कामकाजमा कम योगदानबारे ज्ञानको कमीलाई सम्बोधन गर्न **पुरुष तथा बालकहरूसँगको संलग्नता वृद्धि गर्नुपर्छ** ।

३. लैङ्गिक हिंसाका स्वरूप, मूल कारण र हानिकारक परिणामहरू, साथै लैङ्गिक हिंसा प्रभावितहरूका लागि **उपलब्ध सेवाहरूबारे परिवारका सदस्यहरूको ज्ञान विस्तार गर्नुपर्छ** ।

४. **सेवा केन्द्रहरूमा, र विशेषगरी एकद्वार संकट व्यवस्थापन केन्द्र र आश्रयस्थलहरूमा, सेवाहरू पर्याप्त वा अपर्याप्त भन्ने निष्कर्ष गर्नसकिने गरी मापदण्ड स्थापित गर्न** र प्रभावित–केन्द्रित सेवाको अपेक्षा स्थापित गर्न, प्रभावितका अधिकारहरूको सूची सेवा केन्द्रहरुमा देख्ने गरि राखिनुपर्छ ।

५. विभिन्न प्रकारका **सेवा प्रदायकहरूमा विद्यमान तालिमसम्बन्धी कमीहरूलाई सम्बोधन गर्नुपर्छ र लैङ्गिक हिंसा प्रभावितहरूका लागि सेवाको गुणस्तर बढाउन** प्रभावित–केन्द्रित कार्यस्थलका लागि आवश्यक थप तत्वहरूका लागि पैरवी गर्नुपर्छ ।

६. सेवा प्रदायकहरू बीच प्रेषण पथहरूको ज्ञान र प्रयोग बढाउनु पर्छ, र विशेषगरी **आयआर्जन, कानूनी सहायता र नागरिक तथा व्यक्तिगत महत्वका विषय दर्तासँग सम्बन्धित प्रभावितका पूरा नभएका आवश्यकता न्यूनीकरणका लागि प्रहरीलाई लैङ्गिक–रुपान्तरणकारी तालिममा संलग्न गर्नुपर्छ** ।

७. **पुरुष लगायत रोकथामका कार्यक्रमका सहभागी तथा लैंगिक हिंसा प्रभाभित व्यक्तिहरुलाई विध्यमान आर्थिक सशक्तिकरण कार्यक्रमहरुमा जोड्नु पर्छ** । जसका कारण सहभागीहरुमा आप्रवासनको दबाब कम हुन्छ र कार्यक्रममा सकारात्मक सहभागिता सुनिस्चित गर्न सकिन्छ। थप आर्थिक सशक्तिकरणमा सहयोगका लागि परियोजनाको दाताहरूसँग पैरवी गर्नुपर्छ वा यस्ता सवालमा काम गर्न अन्य विकास साझेदारहरूसँग समन्वय गर्नुपर्छ ।

८. लैङ्गिक हिंसाको जोखिम हुने स्थान र ती जोखिमहरू एकैसाथ आइपर्न सक्ने सम्भावनाका आधारमा, मुख्य सूचकहरूबीचका अझै सूक्ष्म भिन्नता हेर्नका लागि, **परियोजना स्थलहरूभरी नै भिन्नताहरूबारे थप अनुसन्धान गर्नु आवश्यक छ** । परियोजना कार्यन्वयन भइरहेका विभिन्न क्षेत्रहरुमा प्रमुख सुचकहरुको बिचमा रहेको भिन्नताबारे थप अनुसन्धान गर्नु पर्नेछ जसका कारण स्थान अनुसारका फरकहरुको बारेमा जानकारी प्राप्त हुने छ र जोखिमहरुको प्रवृतिलाइ समग्रतामा हेर्ने सजिलो हुन्छ।

९. लैङ्गिक हिंसा प्रभावितहरुले हिंसाबारे बताउने वातावरण बनाउनका लागि र सामुदायिक मनोसामाजिक कार्यकर्ता, एकद्वार संकट व्यवस्थापन केन्द्र र आश्रयस्थलमा विशेष जोड दिँदै लैङ्गिक हिंसासम्बन्धी बहु–क्षेत्रगत प्रतिकार्य सेवा उपलब्धताको प्रचारप्रसार गर्न किशोरी, महिला र परिवारका सदस्यमा लक्षित सञ्चार कार्यलाई एकीकृत गर्नुपर्छ । **विभिन्न लक्षित समूहसँग सञ्चारका लागि सबैभन्दा उपयुक्त स्वरुप र माध्यम पहिचानका लागि नक्शाङ्कन कार्य सञ्चालन गर्नुपर्छ** ।

१०. **रोकथामका कार्यक्रम र सेवा प्रदायकहरूको सामुदायिक पहुँच विस्तारका लागि, लैङ्गिक हिंसाबारे उजुरीप्रति स्वीकार्यता बढाउने र सहयोग खोज्नेप्रतिको नकारात्मक दृष्टिकोणलाई कम गर्ने जानकारीहरू समावेश गरिनुपर्छ** । सहयोग खोज्ने व्यक्तिले आफ्नो समुदायबाट सहयोग प्राप्त गरेका कथाहरू नकारात्मक सामाजिक प्रतिबन्धहरु परिवर्तन गर्न उपयोगी हुन सक्छन् ।

११. नेपालमा **लैङ्गिक–उत्तरदायी बजेटसम्बन्धी सफलताका घटना अध्ययनहरू तयार गरेर, तिनका सामाजिक एवं आर्थिक लाभहरूलाई जोड दिँदै सरकारसँग पैरवीका लागि** तिनलाई प्रयोग गरिनुपर्छ ।

१२. **लैङ्गिक समानता तथा महिला सशक्तिकरणसम्बन्धी बजेट विनियोजनको थप सटीक अध्ययन सम्भव बनाउन बजेट फारमहरूको मानकीकरण र बजेट वर्गीकरणको निर्दिष्टतामा सुधार गर्न** स्थानीय सरकारहरू समक्ष पैरवी गर्नुपर्छ र त्यससम्बन्धी उनीहरूको क्षमता विकास गर्नुपर्छ ।

१३. **प्रभावित–केन्द्रित हेरचाहको मूल्याङ्कन गर्न नियमित अनुगमनका लागि सेवाग्राहीका रुपमा गएर अवलोकन गर्ने विधि** (mystery client observations) प्रयोग उपयुक्त हुनसक्छ र/वा परियोजनाको कार्यगत ढाँचामा प्रभावितको सन्तुष्टिसम्बन्धी सूचकलाई प्रभावितको सशक्तिकरणले प्रतिस्थापित गर्नुपर्छ।

